# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक



बैठक सं. ४५
मिति: २०८२/०५/२२

<u>एजेण्डाहरु:</u>

१. समीक्षा सम्बन्धमा।
२. योजना सञ्चालन सम्बन्धमा।
३. AI Based Learning विद्यालय शिक्षा सुधार कार्यक्रम सम्बन्धमा।
४. विविध।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले "स्थानीय संस्थागत क्षमता स्वयंमूल्यांकन (LISA)" मा नेपाल अधिराजय भरीका ७५३ स्थानीय तहमध्ये गाउँपालिकाहरुबाट उत्कृष्ट कार्य सम्पादन गर्ने स्थानीय तहको रूपमा अर्जुनचौपारी गाउँपालिका छनौट भई पुरस्कृत भएको हुँदा उक्त सफलता हासिल गर्नका लागि सम्पूर्ण कर्मचारी एवम् जनप्रतिनिधिहरूको सक्रिय योगदान निर्णायक भूमिका रहेकोले गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी र जनप्रतिनिधिहरुलाई धन्यवाद ज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट अन्तर्गत रहेका योजनाहरूलाई समयमै र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित उपभोक्ता समितिलाई योजना सञ्चालनसम्बन्धी आवश्यक ज्ञान, सीप तथा दायित्वबारे अभिमुखीकरण/तालिम सञ्चालन गर्ने र उक्त तालिम सम्पन्न भएपछि स्वीकृत योजनाको कार्यान्वयनका लागि सम्बन्धित उपभोक्ता समितिसँग योजना सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मत रूपमा गरियो। साथै, योजनाको पारदर्शिता, जवाफदेहिता तथा गुणस्तर सुनिश्चित गर्न प्राविधिक सहयोग, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था मिलाउने निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रमुख

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ का लागि संघीय तथा प्रदेश विशेष अनुदानबाट प्राप्त AI Based Learning विद्यालय शिक्षा सुधार कार्यक्रम सञ्चालनार्थ कार्यविधि तयार गर्ने, साथै सो कार्यक्रम सञ्चालनका लागि १ जना सहजकर्ता अधिकृत (अधिकृत स्तर छैटौं) सेवा करारमा नियुक्त गर्ने प्रयोजनार्थ यस कार्यालयद्वारा मिति २०८२/०५/१७ गते प्रकाशित सूचना अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४५
मितिः २०८२/०५/२२

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ (क) माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को घ-(४) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर निर्धारण र संकलन गर्न सकिने व्यवस्था अनुसार अर्जुनचौपारी गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका कवाडीजन्य वस्तुहरूको न्यूनतम रु. १ लाख ५० हजार (मू.अ.कर बाहेक) दर निर्धारण गरी आय ठेक्का बन्दोबस्त गर्न सिलबन्दी दरभाउपत्र प्रकाशित गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ (ख) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ६ निवासी भिम बहादुर रोकाका छोरा ना.प्र. नं. ६४५३९ का शेर बहादुर रोकाको वैदेशिक रोजगारको शिलशिलामा कुवेतमा असमायिक निधन भएको तथा निजको परिवारको आर्थिक अवस्था कमजोर भएको हुँदा शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम निजको काजक्रियाका लागि उद्धार, राहत तथा पुनःस्थापना शिर्षकबाट रु. २०,००० (अक्षरेपी रू. बीस हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ (ग) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ३ निवासी नन्दलाल काफ्लेको नाति रमकान्त काफ्लेको छोरा ना.प्र. नं. ६८३९३ का दुर्गादत्त काफ्लेको दुर्घटनामा परी असामयिक निधन भएको तथा निजको परिवारको आर्थिक अवस्था कमजोर भएको हुँदा शैक्षिक संस्था, गैर सरकारी संस्था, धार्मिक तथा सांस्कृतिक र अन्य सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम निजको काजक्रियाका लागि उद्धार, राहत तथा पुनःस्थापना शिर्षकबाट रु. २०,००० (अक्षरेपी रू. बीस हजार मात्र) आर्थिक सहयोग प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४५
मिति: २०८२/०५/२२

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ (घ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकामा मिति २०७९/०६/११ गते देखि सूचना प्रविधि अधिकृत (अधिकृत स्तर छैटौं) पदमा कार्यरत श्री विष्णु सुवेदीलाई स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ को दफा ६ को उपदफा (१) र (३) बमोजिम अधिकृत स्तर सातौं पदमा स्तरोन्नति गरी सोही अनुसार मिति २०८२/०५/२२ गतेदेखि लागू हुने गरी सेवा सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ (ङ) माथि छलफल गर्दा यस कार्यालयको रोजगार सेवा केन्द्रमा प्राविधिक सहायक पदमा कार्यरत कर्मचारीलाई सशर्त अनुदानबाट सेवा निरन्तरता नभइ अन्यत्र व्यवस्थापन गरिएकोमा रोजगार सेवा केन्द्रको बजेट तथा कार्यक्रमहरु साविक बमोजिमकै विनियोजन भएको हुँदा कार्यक्रम कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रमा प्राविधिक जनशक्ति अत्यावश्यक रहेकोले करार सेवाका असिस्टेन्ट सबइन्जिनियर पदमा कार्यरत कर्मचारी श्री ईश्वर प्रसाद काफ्लेलाई पालिकाको आन्तरिक स्रोतबाट रोजगार सेवा केन्द्रमा प्राविधिकको रुपमा कामकाज गर्ने गरी जनशक्ति व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ (च) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाले नेपाली महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा गाउँपालिकाद्धारा सम्पूर्ण वडा कार्यालयमा आमा समूहहरुलाई तीज विशेष कार्यक्रम एवम् पालिकास्तरीय अन्तर आमा समूह तीज गीत प्रतियोगिता सञ्चालन भएकोमा तपसिल बमोजिमको खर्च शीर्षकबाट सो कार्यक्रममा खर्च भएको रकम भुक्तानी दिने र खर्च अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| वडा नं. | विवरण | रकम | खर्च शीर्षक |
|---|---|---|---|
| ३ | आमा समूहहरुलाई तीज विशेष कार्यक्रम | ५०००० | महिला सशक्तिकरण/कला संस्कृति जगेर्ना तथा तिज विशेष कार्यक्रम |
| ४ | आमा समूहहरुलाई तीज विशेष कार्यक्रम | ५०००० | |
| ५ | आमा समूहहरुलाई तीज विशेष कार्यक्रम | ५०००० | |
| ६ | आमा समूहहरुलाई तीज विशेष कार्यक्रम | ५०००० | |
| | पालिका स्तरीय अन्तर आमा समूह तीज गीत | २१०००० | |

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक सं. ४५

मिति: २०८२/०५/२२

| | | | |
|---|---|---|---|
| | प्रतियोगिता विविध खर्च | | |
| | **कूल जम्मा** | ४१०००० | |

| सि.नं. | खर्च शीर्षक | रकम | खर्च शीर्षक |
|---|---|---|---|
| १ | प्रथम पुरस्कार | ४०००० | आमा समूह/युवा क्लब/बाल क्लब/जेष्ठ नगारिक समूह शीर्षकबाट |
| २ | द्धितिय पुरस्कार | २६६६७ | |
| ३ | तृतीय पुरस्कार | १३३३३ | |
| ४ | सान्त्वना पुरस्कार | १८६६७ | |
| ५ | विभिन्न २० वटा विधाहरुमा | १३३३४० | |
| | **जम्मा** | २३२००७ | |
| | **कूल जम्मा** | ६४२००७ | |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ (छ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा दैनिक ज्यालादारीमा कामकाज गर्नु भएका कार्यालय सहयोगी हर्क बहादुर घर्ती क्षेत्रीलाई प्रोत्साहन स्वरुप रु २०,०००।- (बीस हजार मात्र) दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ (ज) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाभित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका जग्गाहरूलाई वर्गीकरणका लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ (झ) माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको १३ औं गाउँसभाबाट स्वीकृत बार्षिक विकास कार्यक्रम अन्तर्गत विगतको आर्थिक वर्षमा जस्तै यस आर्थिक वर्षमा पनि गरिब, विपन्न तथा आमा समूहहरु लगायत पिछडिएको र मूलप्रवाहिकरणमा समेटिन नसकेको वर्ग तथा समुदायको आर्थिक उन्नतिका हेतुले सञ्चालित बिउँ पूँजी कार्यक्रम अन्तर्गत पूँजी परिचालनको लागि विगत आर्थिक वर्ष देखिनै उक्त कार्य गर्दै आउनु भएका माछापुच्छ्रे बैंक लि अर्जुनचौपारी Branch Less Banking सञ्चालक श्री चन्द्रकान्त अर्यालबाट नै पारिश्रमिक रु ३ लाख ८० हजार (कर समेत) बिउँ पूँजी शीर्षकबाट चालु आर्थिक वर्षमा पनि उक्त कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता